# मालारानी गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय

खनदह, अर्घाखाँची
लुम्बिनी प्रदेश, नेपाल

पत्र संख्या :
चलानी नम्बर :

मिति २०८२/०१/२१
ने.सं. ११४५ बछलाथ्व ससमी

**सीप परिक्षण मूल्याङ्कनकर्ता (Skill Test Assessor) तालिम सहभागी आवेदन आह्वान सम्बन्धी सूचना**

लुम्बिनी प्रदेश सरकार सामाजिक विकास मन्त्रालय राप्ती उपत्याका (देउखुरी), नेपालको पत्र संख्या २०८१/०८२ तथा मिति २०८२/०१/१७ गतेको सूचना अनुसार सीप परिक्षण मूल्याङ्कनकर्ता (Skill Test Assessor) तालिममा सहभागी हुन ईच्छुक लुम्बिनी प्रदेश भित्र स्थाइ बसोवास भएका वा यस प्रदेशमा कार्यरत प्राविधिक तथा व्यावसायिक बिषयका सो सूचनामा उल्लेख भए बमोजिम योग्यता तथा अनुभव भएका नेपाली नागरिकहरुले मिति २०८२/०२/०१ गते कार्यालय समय भित्र आइपुग्ने गरी मन्त्रालयको email: mosdfive@gmail.com मा आवेदन फाराम सहित आवश्यक कागजातहरुको प्रमाणित प्रतिलिपि पठाउनु हुन वा स्वयं उपस्थित भई बुझाउन हुन सम्बन्धित सबैमा सूचित गरिन्छ साथै आवेदन फाराम https://mosdfive.org.np/ बाट डाउनलोड गरी वा नेपाल व्यावसायिक योग्यता प्रणाली (NVQS) परियोजना सहयोग इकाइबाट प्राप्त गर्न सकिने छ । थप जानकारीका लागि लुम्बिनी प्रदेश सरकार सामाजिक विकास मन्त्रालयको उल्लेखित सूचना यसैसाथ संलग्न गरिएको व्यहोरा जानकारीका लागि अनुरोध छ ।

...................२०८२।०१।२१
रमेश पन्थी
नि. प्रमुख प्रशासकीय अधिकृत

नि.प्रमुख प्रशासकीय अधिकृत

लुम्बिनी प्रदेश सरकार
सामाजिक विकास मन्त्रालय
राप्ती उपत्यका (देउखुरी), नेपाल

प.स:२०८१/०८२
च.नं. :

## सीप परीक्षण मूल्याङ्कनकर्ता (Skill Test Assessor) तालिम सहभागी आवेदन आह्वान सम्बन्धी सूचना

सूचना प्रकाशित मिति: २०८२/०१/१७ गते

लुम्बिनी प्रदेश सरकार, सामाजिक विकास मन्त्रालय, नेपाल व्यावसायिक योग्यता प्रणाली (NVQS P-II) अन्तर्गत रहेको परियोजना कार्यन्वयन समनव्य समिति (PICC) को मिति २०८१/११/१५ गतेको निर्णय अनुसार गठित उप-समिति को मिति २०८२/०१/१७ गते को निर्णय अनुसार सीप परीक्षण मूल्याङकनकर्ता (Skill Test Assessor) तालिममा सहभागी हुन ईच्छुक लुम्बिनी प्रदेश भित्र स्थायी बसोबास भएका वा यस प्रदेशमा कार्यरत प्राविधिक तथा व्यावसायिक बिषयका तपशिलमा उल्लेख भए वमोजिम योग्यता तथा अनुभव भएका नेपाली नागरिकहरुले यो सूचना प्रकाशित भएको मितिले १५ दिन (२०८२/०२/०१ गते सम्म, उक्त दिन सार्वजनिक बिदा भए सो को भोलिपल्ट) कार्यालय समय भित्र आइपुग्ने गरी यस मन्त्रालयको *email:mosdfive@gmail.com* मा आवेदन फाराम सहित आवश्यक कागजपत्रहरुको प्रमाणित प्रतिलिपि पठाउनुहुन वा स्वयं उपस्थित भई बुझाउन हुन सूचित गरिन्छ । आवेदन फाराम ***https://mosdfive.org.np*** / बाट डाउनलोड गरी वा नेपाल व्यावसायिक योग्यता प्रणाली (NVQS) परियोजना सहयोग इकाइ बाट प्राप्त गर्न सकिने छ ।

पेशा/व्यवसाय: जम्मा आवश्यक संख्या - २० जना

| क्र. सं. | पेशा / व्यवसायहरु | तालिमका लागि न्युनतम योग्यता | कोटा (Quota) | क्र. सं. | पेशा / व्यवसायहरु | तालिमका लागि न्युनतम योग्यता | कोटा (Quota) |
|---|---|---|---|---|---|---|---|
| १ | डकर्मी (Construction Mason) | Diploma in Civil Engineering<br>Construction Mason level - 3 | २ | ७ | मोटरसाईकल मेकानिक (Motorcycle Mechanics) | Diploma in Automobile Engineering<br>Motorcycle Mechanics level -3 | २ |
| २ | | Diploma in Civil/ Plumbing/Sanitation Engineering | २ | ८ | सेल मोबाईल फोन रेपयेर | Diploma in Electronics/Communication Engineering | २ |

लुम्बिनी प्रदेश सरकार

# सामाजिक विकास मन्त्रालय

प.सः२०८१/०८२

राप्ती उपत्यका (देउखुरी), नेपाल

च.नं. :

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | प्लम्बर (Plumber) | Plumber Skill Test Level - 3 | | | टेक्निसियन (Cell/Mobile Repair Technician) | Cell/Mobile Repair Technician level 3 | |
| ३ | टायल एण्ड मार्बल फिटर (Tile Marble Fixer) | Diploma in Civil Engineering | २ | ९ | रेफ्रिजेरेसन एण्ड एअर कन्डिसन मेकानिक (Refrigeration and Air-condition Mechanics) | Refrigeration and Air Conditioning Mechanic level – 3 | २ |
| ४ | बिल्डिंग पेन्टर (Building Painter) | Diploma in Civil Engineering | २ | | | Diploma in Mechanical Engineering | |
| ५ | वेल्डर (Welder) | Diploma in Mechanical Engineering<br>Welder level - 3 | २ | १० | कृषि तथा पशु-विज्ञान (Agriculture and Livestock Science) | Diploma in Agriculture and Livestock,<br>Level 3 | १ |
| ६ | गार्मेण्ट फेब्रिकेटर (Garment Fabricator) | Garment Fabricator Level - 2 | २ | ११ | ईसिडीएफ (ECDF / Montessori) | ECDF Level -1 with Bachelor in Education | १ |

**सहभागी छनौटका लागि शर्त तथा मापदण्डहरु**

१. तालिमका लागि आवश्यक न्यूनतम योग्यता - एस. एल. सी/एस. ई.ई. उत्तीर्ण भइ सम्बन्धित पेशा/व्यावसायमा तह-२ को सीप परीक्षणप्रमाणपत्र प्राप्त गरको।

२. प्रि-डिप्लोमा वा सो भन्दा माथिको योग्यता हासिल गरी सम्बन्धित पेशा/व्यावसायमा ५ बर्षको कार्यानुभव भएको।

३. **छनौटका आधारहरु** - शैक्षिक योग्यता/व्यावसायिक सीप परीक्षण, सम्बन्धित पेशाको कार्य अनुभव, लिङ्ग, लक्षित बर्ग (सम्बन्धित पेशामा आबद्ध महिलालाई बिशेष प्राथमिकता दिईनेछ), भौगोलिकता तथा स्थानीयता ।

४. फाराम साथ पेश गर्नुपर्ने कागजातहरु - नेपाली नागरिकताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि, शैक्षिक योग्यताका प्रमाणपत्रको प्रतिलिपि वा सीप परीक्षणका प्रमाणपत्रहरुको प्रतिलिपि, लुम्बिनी

लुम्बिनी प्रदेश सरकार

# सामाजिक विकास मन्त्रालय

प.सं:२०८१/०८२ राप्ती उपत्यका (देउखुरी), नेपाल

च.नं. :

प्रदेश भन्दा वाहिर जिल्लाको नागरिकता भएमा लुम्बिनी प्रदेशको स्थानीय तहमा स्थायी रुपमा बसोबास गरेको सिफारिस पत्र।

५. **तालीम अवधि र समय-** मूल्याङ्कनकर्ता (Assessor) तालीमको अवधि ५ दिनको हुनेछ र समय बिहान ९:३० बजे देखि बेलुकी ४:३० बजे सम्म हुनेछ। तालिम अवधि भर पुरा समय सहभागी हुनुपर्नेछ।

६. तालिम अवधिभर सक्रियतापूर्वक सहभागी हुने सहभागीलाई मात्र तालिम सम्पन्नताको प्रमाणपत्र दिइनेछ ।

७. तालिमका लागि छनौट भएका सहभागीलाई टेलिफोन मार्फत जानकारी गराइनेछ ।

८. शर्त सहित र अपूर्ण आवेदन स्वीकार गरिने छैन।

९. तालिम सम्पन्न भएपछि नियमानुसार तालिम अवधिभरको निर्वाह भत्ता उपलब्ध गराइनेछ।

*नोटः सीप परीक्षण मूल्याङ्गनकर्ता तालिममा छनौट हुनुपूर्व राष्ट्रिय सीप परीक्षण समितिबाट online Pre Test लिइने भएकाले सो परीक्षामा अनिवार्य सहभागी भई उत्तीर्ण हुनु पर्नेछ ।*

**थप जाकारीका लागि सामाजिक विकास मन्त्रालय, लुम्बिनी प्रदेश कार्यालय को सम्पर्क नं. ०८२ ५९०४६१/५९०४६२ वा नेपाल व्यावसायिक योग्यता प्रणाली (NVQS) परियोजनाको सहयोग इकाईको सम्पर्क नं. ०८२-५९०५०८ वा ९८४८२५८२५६ मा सम्पर्क गर्नुहोला।**

*पुनश्च: इमेलमा आवेदन पठाइसकेपछि टेलिफोनमार्फत सुनिश्चितता गर्नुहुन अनुरोध छ।*

०८२।०९।१८

बेगम के.सी.

शाखा अधिकृत

जननी जन्मभूमिश्च स्वर्गादपि गरीयसी

# आवेदन फारम

सीप परीक्षण मूल्यांकनकर्ता तालीम (**Assessor Training**) मा सहभागिताका लागि

| हाल सालै खिचिएको फोटो |
|---|

१. नाम, थरः ..................................................

२. लिङ्गः क. महिला    ख. पुरुष    ग. अन्य

३. जातजातीः .......................................

४. स्थायी ठेगाना (नागरिकता अनुसार)ः..................................................

५. हालको ठेगानाः..........................................

६. सम्पर्क नम्बरः..................................... इमेल ठेगानाः ....................................

७. पेशाः......................................

८. हाल कार्यरत संस्था र ठेगानाः.......................................................................

९. सीप परीक्षण पेशा र तहः पेशा................................................ तह..................

१०. आवेदन दिन चाहेको पेशा (कुनै एक मा √ चिन्ह लगाउनु होला )

क. डकर्मी    ख. प्लम्बर    ग. टायल एण्ड मार्बल फिटर
घ. बिल्डिंग पेन्टर    ङ. वेल्डर    च. गार्मेण्ट फेब्रिकेटर
छ. मोटरसाईकल मेकानिक    ज. सेल मोबाईल फोन रेपयेर टेक्निसियन    झ. ईसिडीएफ
ञ. रेफ्रिजेरेसन एण्ड एअर कन्डिसन मेकानिक    ट. कृषि तथा पशु-विज्ञान

११. प्राविधिक शैक्षिक योग्यताः..................................................

१२. अन्य शैक्षिक योग्यताः......................................................

१३. सम्बन्धित पेशामा कार्य अनुभवः

१४. हाल सम्म गरेको सीप परीक्षण संख्या (यदि भएमा)ः.........................................

*नोटः छनौट भएका सहभागीहरुले तालिममा आउँदा सक्कल कागजपत्रहरु तथा नेपाली नागरिकताको प्रमाणपत्र, सीप परीक्षणको प्रमाणपत्र वा प्राविधिक विषयको शैक्षिक योग्यताको प्रमाणपत्र, कार्य अनूभवको पत्र र २ प्रति फोटो अनिवार्य रुपमा ल्याउनु पर्नेछ ।*